साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

प्रदेश नं. १

पत्र संख्या : २०७५/०७६
चलानी नं. :

मितिः २०७६।१।१०

# शोक विज्ञप्ति

नेपाली राजनीतिक इतिहासका गौरवशाली एक सहयोद्धा, सुनौलो सम्भावना बोक्नुभएका साकेला गाउँपालिकाबासी दाजुभाई तथा दिदिबहिनीहरुको मुटुको ढुकढुकी वडा नम्बर ३ खिदिमाका वडाध्यक्ष श्री मणिकुमार राईको उपचार गर्न लैजाने क्रममा २०७६ बैशाख ०९ गतेका दिन ३७ वर्षको अल्पआयुमै भएको असामयिक निधनले हामी स्तब्ध र मर्माहित भएका छौ ।

अत्यन्तै मृदुभाषी, मिलनसार, निडर, समाजसेवी वडाध्यक्ष राई साकेला गाउँपालिकाबासी दाजुभाई तथा दिदिबहिनीहरुको मात्र नभई सिंगो राष्ट्रलाई आवश्यक व्यक्तित्व हुनुहुन्थ्यो । वि.स. २०५४ सालमा श्री शिद्धेश्वरी मा.वि. खिदिमाबाट अनेरास्ववियुको इकाई कमिटि अध्यक्ष हुदै राजनैतिक यात्रा तय गर्नुभएको राई इकाई अध्यक्ष पस्चात अनेरास्ववियु जिल्ला कमिटि खोटाङको सदस्य हुनु भएको थियो । अनेरास्ववियुको जिल्ला कमिटि सदस्य भएसँगै विद्यार्थी राजनीतिबाट पार्टि राजनीतिमा होमीएका राई ने.क.पा. एमालेको तत्कालिन खिदिमा गाउँ पार्टी अध्यक्ष हुदै जिल्ला पार्टि कमिटिको सदस्य हुनु भएको थियो ।

लामो समय सम्मको नेपाली राजनीतिक अस्थिरता पस्चात वि.स. २०७४ साल असार १४ गते भएको स्थानीय तहको निर्वाचनमा तत्कालीन ने.क.पा. एमालेको तर्फबाट साकेला गाउँपालिका वडा नं. ३ खिदिमामा वडाध्यक्षको उम्मेदवार भई विजयी हाँसिल गर्नुभएका राई हाल नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकता पस्चात बनेको नेपाल कम्युनिष्ट पार्टी जिल्ला कमिटि खोटाङका सचिवालय सदस्य, साकेला गाउँकार्यपालिका सामाजिक विकास समितिका संयोजक, गाउँकार्यपालिका सदस्य तथा वडा नं. ३ खिदिमाका वडाध्यक्ष पद सम्हालिरहनुभएको थियो ।

तर, अब उहाँ हामीबीच भौतिक रुपमा रहनुभएन । अल्पआयुमा भएको उहाको अप्रत्यासित निधनबाट साकेला गाउँपालिका बासी दाजुभाई तथा दिदिबहिनीहरुको आशाको दियो निभेको छ । जनताले आफ्नो प्रिय नेता गुमाएको छ । राष्ट्रले प्रचुर सम्भावना बोकेको गहन व्यक्तित्व गुमाएको छ । हामी उहाँले देख्नुभएको सकरात्मक सपनाहरुलाई शाकार पार्ने कोशिस गर्नेछौ ।

यस दुःखद घडीमा अल्पआयुमै देहान्त हुनुभएका वडाध्यक्ष श्री मणिकुमार राईप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार, अन्य शोकाकुल जन र मनहरुमा गहिरो समवेदना प्रकट गर्दछौ ।

**मितिः १० बैशाख, २०७६**

.......................................
**अर्जुनकुमार खड्का**
(अध्यक्ष)

www.sakelamun.gov.np | ito.sakelarmun@gmail.com
9842861296, 9852849019, 9843358296